लेटाङ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लेटाङ, मोरङ
कोशी प्रदेश, नेपाल

मिति : २०८०।०८।२२ शुक्रबार

<u>निर्णयहरु</u>

| सि नं | विषय | निर्णय |
|---|---|---|
| १ | समीक्षा सम्बन्धमा | मिति २०८०।०७।२४ गते बसेको कार्यपालिकाको बैठकको निर्णय कार्यान्वनको समीक्षा गरियो।<br>समिक्षामा पाइएको बिषयहरू:<br>१. चौमासिक समिक्षा कार्यक्रम सम्पन्न भएको।<br>२. योजना सम्झौताको अन्तिम मिति पुस १५ गते उल्लेख गरी पत्राचार गरिएको।<br>३. भुकम्प पिडितलाई सहयोग रकम कार्यालयमा लेखा कर्मचारीको व्यवस्था तत्काल नभएकाले दिन नसकिएको।<br>४. कर्मचारीलाई डोर हाजिरिमा लिने, ठेक्का निकाल्ने, हेरालु म्याद थप, लगायतका कार्यपालिका निर्णयको ६०% कार्यान्वयन भई सकेको २० % कार्यान्वयनको चरणमा र बाँकी २०% कार्यन्वयन गर्नुपर्ने देखियो। |
| २ | प्रतिवेदन स्वीकृत | चालु आ.व२०८०/८१ को पहिलो चैमासिक अनुगमन प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृत मार्फत प्रस्तुत भई उक्त प्रतिवेदन माथी छलफल गरी सुझाव सहित प्रतिवेदन स्वीकृत गरियो। कार्यपालिकाको प्राप्त सुझाव अनुसार सन्चालित औषधी पसल र स्वास्थ्य संस्था क्लिनिकहरू सुधारका लागि आवश्यक देखिएको बिषयहरूमा सुधार गर्नभनी सार्वजनिक सूचना प्रकाशन गर्ने। |
| ३ | योजनाहरुको विवरण यकिन गर्ने सम्बन्धमा | चालु आ व २०८०।०८१ मा ठेक्का प्रकृयाबाट सञ्चालन गरिने योजनाहरुको विवरण एकीन गरी वडा कार्यालय तथा बिषयगत शाखाहरूले यथाशिघ्र आगामी कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो। |
| ४ | तराई मधेस समृद्धि कार्यक्रम सम्बन्धमा। | यस लेटाङ नगरपालिका अन्तर्गत लेटाङ वडा नं ९ मोरङ्गी पुल दक्षिणमा रहेको २ बिघा लेटाङ नगरपालिकाको संरक्षणमा रहेको सार्वजनिक जग्गामा पानी रिचार्ज पोखरी निर्माणका लागि तराई मधेस समृद्धि कार्यक्रम लाई योजना माग गर्ने सर्वसम्मत निर्णय गरियो। |
| ५ | नदिजन्य पदार्थ स्टक over excavation सम्बन्धमा। | लेटाङ नगरपालिका द्वारा तेली खोलाको किनाराको बिभिन्न स्थानमा स्टक गरी राखिएको नदिजन्य पदार्थ बिभिन्न मितिमा स्टक प्रमाणित गरिएकोमा व्यवसायीहरू द्वारा उक्त स्टक उठाउने क्रममा original ground level भन्दा गहिरो उत्खन्न गरेको पाइएकाले देहायका व्यवसायी मार्फत भएको बढी भएको उत्खन्न को राजश्वमा २०% थप गरी एकमुष्ठ जरिवाना लिने।<br><u>देहाय:</u> |

| क्र.सं. | व्यवसायीको नाम | स्थान | परिमाण(घ.मी |
|---|---|---|---|

...न्द्रकुमार ला...
नगर प्रमुख

| | | |
|---|---|---|
| | | १ \| इन्द्रणी कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.ली \| तेली पुल पश्चिम दक्षिण \| १६२०।६<br>२ \| ढकाल ट्रेडर्स \| तेली पुल पूर्व उत्तर \| ९२४<br>३ \| ओमश्री क्रसर उद्योग एण्ड सप्लायर्स प्रा.ली \| तेली खोला पूव माटा गौडा पारी \| ९१३।५ |
| ६ | कार्यविधि निर्माण सम्बन्धमा | प्रत्येक बर्ष गरिने सार्वजनिक परीक्षणको लागि सार्वजनिक परीक्षण कार्यविधि नभएको हुदाँ सार्वजनिक परीक्षण कार्यविधि तयार गर्ने निर्णय गरियो । |
| ७ | सडक बोर्डको योजना छनौट गर्ने सम्बन्धमा | सडक बोर्ड नेपालको च न ४६७ मिति २०८०।०८।०१ को पत्रबाट माग भएको योजना तयार गर्ने सम्बन्धमा देहायको प्राथमिकताका आधारमा निम्म बाटोहरू प्राविधिक स्टमेट बमोजिम छनौट गरी सडक बोर्डमा पठाउने सर्वसम्मत निर्णय गरियो।<br>१.लोक्तान्त्रिको चोक देखी शुभकामना मेडिकल जोड्ने सडक मर्मत सम्भार<br>२.घिमिरे चोक देखि वडा नं ५ को वडा कार्यालय सम्मजाने सडक मर्मत सम्भार<br>३.पैतिस बिगे देखि बुधबारे खण्डको बाटो मर्मत सम्भार<br>४.किसान मार्ग सडक मर्मत सम्भार |
| ८ | प्रथम चौमासिक प्रगति प्रतिबेदन स्वीकृत सम्बन्धमा | चालु आ व २०८०।२०८१ को प्रथम चौमासिक प्रगति प्रतिबेदन यहि २०८० साल मंसिर ७ गते प्रस्तुत र छलफल गरिएको हुदाँ उक्त प्रगति प्रतिवेदनलाई स्वीकृत गर्ने निर्णय गरियो।साथै आगामी कार्यपालिका बैठकमा दोश्रो चौमासिक कार्ययोजना प्रस्ताव पेश गर्ने निर्णय गरियो। |
| ९ | हिउँदे अधिबेशनको तयारी सम्बन्धमा | चालु आ.व२०८०/८१ को हिउदे अधिबेशन मिति २०८० साल पुष २० गते बाट शुरु गर्ने र सो को तयारीको लागि देहाय बमोजिमको कार्यतालिका स्विकृत गरियो।<br>१. राजश्व परामर्श समितिको बैठक – पुस ४ गते<br>२. बिधायन समितिको बैठक - पुस २ गते (उक्त समितिले आवश्यकता अनुसार अन्य बैठक बसि पुस १८ गतेको कार्यपालिका बैठकमा आवश्यक ता अनुसार निर्माण भएको बिधेक प्रस्तुत गर्ने।<br>३. नियमित कार्यपालिका बैठक – पुस ६ गते शुक्रबार<br>४. योजना परिवर्तन थप घटका लागि वडा कार्यालय तथा विषयगत शाखालाई पुस १० गते भित्र योजना प्रशासन तथा अनुगमन शाखामा पेश गर्नेगरी पत्राचार गर्ने।<br>५. बिषयगत समितिको बैठक – पुस १२ गते<br>६. कार्यपालिकाको बैठक – पुस १८ गते |
| १० | खरिद समितिको संयोजक तोक्ने सम्बन्धमा | यस कार्यालयको निर्णय बमोजिम गठित खरिद समितिको संयोजक अधिकृतस्तर सातौं श्री भुपेन्द्र खनाल कामकाजका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |

भुपेन्द्रकुमार ...
नगर प्रमुख

लेटाङ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लेटाङ, मोरङ
कोशी प्रदेश, नेपाल

| | | |
|---|---|---|
| | | कोशी प्रदेश विराटगरमा खटिनु भएको हुदाँ उक्त संयोजकको जिम्मेवारी प्रा. उपसचिव श्री कृष्णराज राईलाई दिने। |
| ११ | आयुर्बेद अस्पताल सार्ने। | लेटाङ नगरपालिका वडा नं ४ मा अवस्थित आधारभुत स्वास्थ्य केन्द्रमा नागरिक आरोग्य केन्द्रको नाममा अवस्थित आयुर्बेद अस्पताललाई स्थानान्तरण गर्ने। |
| १२ | श्रोत सुनिश्चितता सम्बन्धमा। | वडा नं २ र वडा नं ९ को घेराबारा सम्बन्धमा आगामी नगरसभाबाट श्रोत सुनिश्चित गर्ने निर्णय भई ठेक्का प्रक्रिया अगाडी बढेको र सम्झौताको चरणमा पुग्न लागेकाले आगामीं नगरसभाबाट स्विकृत हुने गरी शनिवारे हाटबजार, कोल्डस्टोरेज, वडा नं. २ को वडा कार्यालय तथा वडा नं. ९ को वडाकार्यालय घेराबारा शिर्षकमा p2 मा रहेको योजनाको बिनियोजित बजेट रू१००००००० मा हाललाई आवश्यक रकम रू २८,००,०००/-(अठ्ठाइस लाख) लाई p1 मा स्थानान्तरण गर्ने। |
| १३ | शैक्षिक अनुदान सम्बन्धमा। | लेटाङ नगरपालिका वडा नं १ मा अवस्थित श्री सागमा मा.बि. लाई शैक्षिक अनुदान बापत एकमुष्ठ रू९०००० प्रदान गर्ने। (श्रोत:भैपरी चालु खर्च शिर्षकबाट) |
| १४ | आर्थिक सहयोग सम्बन्धमा। | लेटाङ नगरपालिका वडा नं ३ किर्तिमान निवासी श्री कमल बहादुर माझीको २०८०/०८/१८ गते बिहान जङ्गली हात्तिको आक्रमण बाट मृत्यु भएको हुँदा निजको परिवार लाई लेटाङ नगरपालिकाको आर्थिक सहायता कार्यबिधि २०७७ बमोजिम निजलाई रू२५००० आर्थिक सहयोग गर्ने। (श्रोतः बिपद् व्यवस्थापन कोष) |
| १५ | खेलकुद प्रतियोगिता सञ्चालन | लेटाङ नगरपालिका वडा नं ७ वारङ्गीमा लाग्ने पौराणीक एतिहासिक मेला बाराजी मेलामा आयोजना भएको भलिबल खेल प्रतियोगिता सञ्चालनका लागि रू५००००/- प्रदान गर्ने। (श्रोतः खेलकुद प्रतियोगिता सञ्चालन) |
| १६ | रकमान्तर सम्बन्धमा। | यस लेटाङ नगरपालिका आ.व.२०८०/८१ मा MTEF निर्माण शिर्षकमा बिनियोजन गरिएको रू५०००००० बजेट अपुग भएकाले चिसाङ खोलाको सिमाङकन शिर्षकमा बिनियोजन गरेको रकम MTEF निर्माणका लागि रकमान्तर गर्ने। |
| १७ | अमानत बाट नदिजन्य पदार्थको बिक्रि वितरण सम्बन्धमा। | लेटाङ नगरकार्यपालिकाको मितिः२०८०/०६/१९ गतेको कार्यपालिका निर्णय बमोजिम अमानतबाट नदिजन्य पदार्थ संकलनका लागि खुल्ला गरिएकोमा उक्त कार्य हाललाई बन्द गरी अमानतबाट राजश्व काट्न खटिएका सबै कर्मचारीहरूलाई कार्यालयमा फिर्ता गर्ने। साथै व्यक्तिको घर ग्वाली तथा घरायसी प्रयोजनका लागि नदिजन्य पदार्थ अति आवश्यक भएको खण्डमा वडाको सिफारिस तथा प्रत्यक्ष निगरानिमा अमानत राजश्व तिरेर संकलन गर्न अनुमती प्रदान गर्ने। |

...न्द्रकुमार लाव...
नगर प्रमुख